म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्ध प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१७ अङ्कः- १४७ २०८३ वैशाख ७ गते सोमबार 20 April 2026, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## निर्वाचनको समीक्षा गर्दै काँग्रेस

हेटौंडाः नेपाली काँग्रेसले फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रदेशस्तरीय समीक्षा गर्ने भएको छ । पार्टी सभापति गगन कुमार थापा समेतको उपस्थितिमा आज सोमबार हेटौंडा निर्वाचनको समीक्षा गर्न लागेको नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जानकारी दिनुभयो । फागुन २१ गतेसम्म प्रतिनिधिसभा सदस्य निर्वाचनको 'नेपाली काँग्रेस बागमती प्रदेशस्तरीय निर्वाचन कार्यक्रम' अन्तर्गत सभापति थापा सोमबार हेटौंडा आउन लागेको पार्टीका जिल्ला सभापति लामाले जानकारी दिनुभयो । सभापति थापाले हेटौंडा-२ स्थित काँग्रेसको जिल्ला पार्टी कार्यालय निरीक्षण तथा कार्यकर्तासँग भेटघाट कार्यक्रम रहेको छ । नेपाली काँग्रेसले ७ वटै प्रदेशमा प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रम गर्दैछ । जिल्ला सभापति लामाका अनुसार लुम्बिनी, गण्डकी र मधेश प्रदेशमा यअघि नै प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रम सम्पन्न भइसकेको छ । मकवानपुर जिल्लास्तरीय निर्वाचन समीक्षा गरिसकको भए तापनि प्रदेशस्तरीय समीक्षा पश्चात मात्रै त्यसबारे जानकारी दिने जिल्ला सभापति लामाको भनाइ छ । मकवानपुरका दुबै क्षेत्रमा काँग्रेस पराजित भएको हो । क्षेत्र नम्बर १ बाट महालक्ष्मी उपाध्याय (डीना) र क्षेत्र नम्बर २ बाट बुद्ध लामा पराजित हुनुभएको हो ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालय खारेज गर्ने तयारी

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाको क्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालय खारेज गर्ने तयारी गरेको छ। उक्त मन्त्रालयको कार्यभार मुख्यमन्त्री कार्यालय अन्तर्गत राख्ने र सो मन्त्रालय खारेजीको तयारी गरेको हो ।

सरकारले कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको नेतृत्वमा उच्चस्तरीय राजनीतिक निर्देशक समिति बनाएर प्रशासनिक पुनर्संरचना बारे अध्ययन गरिरहेको छ । सो कार्यका लागि पूर्वसचिव बिमल वाग्लेको नेतृत्वमा विज्ञ समुहको समिति बनाएर अध्ययन समेत गरेको थियो । विज्ञ समुहको समितिले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई खारेज गरेर सो मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री कार्यालय मातहत राख्न सुझाव दिएको छ । सो सुझावसहितको प्रतिवेदनलाई मन्त्री पौडेल नेतृत्वको निर्देशक समितिले छलफल तथा सुझावका लागि संसदीय समिति र मन्त्रालयहरुमा पठाएको छ। आगामी ११ गते भित्र सुझाव दिन मन्त्री पौडेलको नेतृत्वको समितिले पत्रचार गरेको छ ।

उक्त अवस्थाका बीच प्रदेशका बहालवाल आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीले आफ्नो मन्त्रालयलाई अर्को मन्त्रालयमा गाभेर स्वतन्त्र अस्तित्व समाप्त पार्न लागिएको भन्दै गुनासो गरे। आइतबार बसेको प्रदेश सभाको बैठकमा बोल्दै मन्त्री अधिकारीले प्रशासनिक सुधारका नाममा रणनीतिक महत्वको मन्त्रालयको अस्तित्व समाप्त पानै खोजीको गुनासो गरे ।

प्रदेश सरकारले हाल कायम रहेका १४ मन्त्रालयलाई घटाएर ८ मा झार्ने तयारी अन्तिम चरणमा पुऱ्याएको र सोही प्रक्रियाअन्तर्गत आन्तरिक मामिला मन्त्रालय मुख्यमन्त्री कार्यालयको शाखा वा इकाईका रुपमा खुम्चिने भएपछि मन्त्री अधिकारीले सदनको ध्यानाकर्षण गराएका हुन् । मन्त्री अधिकारीका अनुसार कानून मन्त्रालयलाई केवल कर्मचारी र बजेटको भोल्युमका आधारमा कमजोर ठान्न हुँदैन । कानुन मन्त्रालयले राजनीतिक र सुरक्षात्मक रुपले अत्यन्त मत्वपूर्ण भूमिका रहने उनले बताए । मन्त्री अधिकारीले मन्त्रालयको संख्या घटाउनु सकारात्मक भए पनि कुन मन्त्रालयको भूमिका कस्तो छ भन्ने विषयमा समीक्षा नगरी हचुवाका भरमा रणनीतिक महत्वका निकायहरु खारेज गर्न नहुने बताए।

'प्रशासनिक सुधारको निर्णय कार्यान्वयन भएपछि आन्तरिक मामिला तथा कानुन मन्त्रालय भन्ने स्वतन्त्र अस्तित्व रहँदैन। आन्तरिक मामिला कानुन मन्त्रालयलाई अन्यमा गाभ्न खोजिएको छ। जुन दुःखद् छ ।' उनले भने, 'कानून मन्त्रालय हाम्रो रणनीतिक मन्त्रालय हो । भोलि संघीय सरकारले प्रहरी समायोजन गरेर पठाएपछि यो प्रदेशको सबैभन्दा शक्तिशाली र ए-वान मन्त्रालय बन्नेछ । त्यसैले यो मन्त्रालयको अस्तित्व नै मेटाउने गरी निर्णय गरिनुहुन्न ।'

कानून मन्त्रालयले जनताको सेवामा कुनै कसर बाँकी नराखेको उनले बताए । वर्षायाम सुरु हुन लागेको सन्दर्भमा विपद् व्यवस्थापनका लागि मन्त्रालयले विशेष योजना बनाएको उनको भनाई छ । उनका अनुसार मन्त्रालयले विपद् व्यवस्थापनको लागि हेटौंडा, बनेपा र त्रिशूलीमा गोदाम घरहरु राखेर विपद्का सामग्रीहरु तयारी अवस्थामा राखिएको छ। सिन्धुलीको कमलामाई र धादिङको त्रिपुरासुन्दरी गाउँपालिका लगायतका स्थानबाट आएका मागहरुलाई सम्बोधन गरी बजेट र राहत सामग्री पठाइसकिएको उनको भनाई छ ।

बागमती प्रदेशसभाको बैठकमा पूर्वमुख्यमन्त्री एवम् प्रदेश सभा सदस्य शालिकराम जम्कट्टेलले आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वतन्त्र अस्तित्व समाप्त पार्ने सरकारको तयारीप्रति गम्भीर प्रश्न उठाउनु भएको छ । आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रशासनिक पुनर्संरचनाको प्रतिवेदन तयार भएको र मन्त्रालयको संख्या १४ बाट ८ मा झारिने जानकारी दिएपछि जम्कट्टेलले त्यसको आधार र औचित्यमाथि प्रश्न गर्नुभएको हो ।

## 'कानून मन्त्रालय खारेज वा खुम्च्याउन पाइँदैन' : नेता जम्कट्टेल



प्रदेश सभामा पूर्वमुख्यमन्त्री शालिकराम जमरकट्टेल ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री एवम् प्रमुख प्रतिपक्षी दल नेकपाका नेता शालिकराम जम्कट्टेलले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई अर्को मन्त्रालयमा गाभ्ने वा खारेज गर्ने सरकारको तयारी प्रति आपत्ति व्यक्त गरे । आइतबार प्रदेश सभाको बैठकमा सरकारका प्रवक्ता एवम् आर्थिक मामिला मन्त्री प्रभात तामाङलाई प्रश्न गर्दै नेता जम्कट्टेलले रणनीतिक महत्वको मन्त्रालयलाई बजेटको आयतन र कर्मचारी संख्याका आधारमा मात्रै मूल्यांकन नगर्न चेतावनी दिए ।

सरकार प्रशासनिक बोझ घटाउन मन्त्रालयको संख्या घटाउन लागिएको बताएपछि त्यसको प्रतिवाद गर्दै नेता जम्कट्टेलले मन्त्रालयको पुनर्संरचना गर्दा त्यसको राजनीतिक र संवैधानिक भूमिकालाई हेर्नुपर्नेमा जोड दिए । संघीय सरकारले प्रहरी समायोजन गरेर पठाएपछि उक्त मन्त्रालय प्रदेशको सबैभन्दा शक्तिशाली निकाय बन्ने उनको भनाई छ। 'आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेशको रणनीतिक मन्त्रालय हो । यसलाई अर्कै मन्त्रालयमा लगेर सहायक रुपमा गाभिनु वा यसको स्वतन्त्र अस्तित्व मेटाउनु पूर्णतः गलत हुन्छ ।' उनले भने, 'अहिले यो मन्त्रालयमा बजेट कम होला । कर्मचारी कम होलान् । तर भोलि प्रहरी समायोजन भएर आउने बित्तिकै यो प्रदेशको महत्वपूर्ण मन्त्रालय हुन्छ। के सरकारले यसको दूरगामी महत्व नबुझेकै हो ? एउटा विभाग वा शाखाको रुपमा खुम्च्याएर यो मन्त्रालय कसरी चल्छ ?'

सरकारले मन्त्रालय संख्या घटाएर ८ मा झार्ने प्रस्तावलाई खर्च कटौती को सस्तो लोकप्रियता भएको उनले बताए। उनका अनुसार प्रशासनिक सुधारका नाममा प्रदेशको जगलाई नै कमजोर बनाउन काम गर्न हुँदैन। मन्त्रालयको संख्या भन्दा पनि त्यसको डेलिभरी र कार्यक्षेत्र प्रमुख हुनुपर्ने उनको भनाई छ ।

## कर्मचारीलाई १५ दिनमै तलब

काठमाडौं : सरकारले अबदेखि कर्मचारीहरूलाई १५/१५ दिनमा तलबभत्ता उपलब्ध गराउने भएको छ । अर्थ मन्त्रालयले गत शुक्रबार मन्त्रीस्तरीय निर्णय गरी महालेखा नियन्त्रक कार्यालयलाई समेत निर्णय कार्यान्वयनका लागि परिपत्र गरिसकेको छ ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेल मन्त्रालयबाट परिपत्र आएको र अब उक्त निर्णय चाँडै कार्यान्वयन पनि हुने बताए । 'अर्थमन्त्रालयबाट परिपत्र आइसकेको छ । यो छिट्टै कार्यान्वयन हुन्छ,' उनले भने । मन्त्रालयका अनुसार, समयमै कर्मचारीको हातमा पैसा जाओस् र अर्थतन्त्र चलायमान होस् भन्ने उद्देश्यले यो निर्णय भएको हो ।

स्रोत : अनलाइनखबर ।

## चन्द्रबहादुर घरमै मृत्त फेला

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१, थाखेलडाँडामा एक पुरुष मृत्त अवस्थामा फेला परेका छन् । स्थानीय ५० वर्षीय चन्द्रबहादुर सुनार आफ्नै घरभित्र भुईमा लडिरहेको अवस्थामा मृत्त फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सुनार घरमा एक्लै बस्दै आएका थिए । सुनारकी श्रीमती र छोराहरू काठमाडौं बस्दै आएको बुझिएको छ । घटनास्थलको प्रारम्भिक अनुसन्धान र मुचुल्का पश्चात शवलाई पोस्टमार्टमका लागि हेटौंडा अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

# बागमती प्रदेश सभा बैठकमा सभामुखको खोजी

**प्रदेश सभा सदस्य रामकुमार पहाडीले प्रदेश सभाले हालसम्म सभामुख पद रिक्त रहनु असंवैधानिक कदम भएको बताए । उनले सभामुखले राजीनामा दिएको ७ महिनासम्म पनि रिक्त हुन संवैधानिक व्यवस्थाको खिलाफ रहेको बताए ।**

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभा बैठकमा सभामुखको खोजी भएको छ । आइतबार बसेको प्रदेश सभा बैठकमा प्रदेश सभा सदस्यहरुले सभामुखको खोजी गर्दै तत्काल नियुक्ति प्रक्रिया संवैधानिक व्यवस्था अनुसार अघि बढाउन माग गरे । संविधानको धारा १८२ को पालना गर्दै ७ महिनादेखि रिक्त सभामुखको निर्वाचन तत्काल तोकिनु पर्ने उनीहरुले बताए ।

सभामुख चयनको प्रक्रिया यही बैशाख ८ गतेभित्रै सम्पन्न गर्नुपर्ने उनीहरुको मागमा रहेको छ । उनीहरुले सभामुख नहुँदा प्रदेशसभा अभिभावकविहीन जस्तो भएको र यसले संघीयतामाथि नै प्रश्न उठाएको टिप्पणी गरे । तत्कालिन सभामुख भुवन कुमार पाठकले गत भदौ २३ र २४ गतेको जेन जी आन्दोलनको क्रममा राजीनामा घोषणा गर्दै असोज १ मा इमेल मार्फत प्रदेशसभा सचिवालयमा राजीनामा पत्र पठाएका थिए । सो अवधिमा प्रदेशसभा बैठक बस्न नसकेपछि मंसिर ३ मा सरकारले प्रदेश सभाको अधिवेशन नै अन्त्य गरेको थियो भने मंसिर ४ मा उपसभामुख अप्सरा चापागाईले सार्वजनिक सूचना जारी गर्दै पाठकको राजीनामा बारे जानकारी गराएकी थिइन् ।

गत चैत २४ गते बसेको प्रदेशसभाको बैठकमा उक्त विषयको जानकारी औपचारिक रुपमा पेश भएको थियो । संविधानको व्यवस्था अनुसार सभामा जानकारी भएको १५ दिन भित्र सभामुख नियुक्तिको प्रक्रिया थाल्नु पर्दछ । जस अनुसार बैशाख ९ गते भित्र प्रदेशसभाको बैठकले सभामुख नियुक्तिको प्रक्रिया अघि बढाइसक्नु पर्ने व्यवस्था रहेको छ । उक्त अवस्थाका बीच प्रदेश सभाको बैठकमा प्रदेश सभा सदस्यहरुले सभामुखको खोजी गरिरहेका हुन् ।

प्रदेश सभा सदस्य रत्नप्रसाद ढकालले सभामुख नियुक्ति प्रक्रिया राख्नुको कारण जानकारी गराउन माग गरे। उनले आइतबारको बैठकमा सभामुख नियुक्ति प्रक्रिया थाल्ने सहमति समेत उल्लंघन भएको बताए । मुख्यमन्त्रीको उपस्थितिमा भएको सर्वदलीय छलफलको सहमति अनुसार सभामुख नियुक्तिको प्रक्रिया आज (आइतबार) को बैठकबाट हुनुपर्ने भएपनि हुन नसकेको उनको भनाई छ।

'संविधानको धारा १८२ ले प्रदेशसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र सभामुख र उपसभामुखको चयन गरिसक्नुपर्ने व्यवस्था गरेको छ । तर यहाँ ७ महिना बितिसक्दा पनि पद रिक्त राख्नु पूर्णतः असंवैधानिक हो', उनले भने, 'के सत्तापक्षका दलहरुबीच भागबण्डा नमिलेर यो प्रक्रिया रोकिएको हो ? यदि हो भने यसले प्रदेशवासी जनतामा निकै नकारात्मक सन्देश गएको छ । ८ गतेभित्र सभामुखको निर्वाचन प्रक्रिया टुंग्याइयोस् ।'

प्रदेश सभा सदस्य रामकुमार पहाडीले प्रदेश सभाले हालसम्म सभामुख पद रिक्त रहनु असंवैधानिक कदम भएको बताए । उनले सभामुखले राजीनामा दिएको ७ महिनासम्म पनि रिक्त हुन संवैधानिक व्यवस्थाको खिलाफ रहेको बताए । '७ महिना भइसक्यो, हामीले सभामुखको निर्वाचन गर्न सकेका छैनौं । यसले के सन्देश जान्छ ? हामी एउटा सभामुख आफैं छान्न सक्दैनौं ? म यथाशीघ्र निर्वाचनको मिति तोक्न माग गर्दछु ।' उनले भने । प्रदेश सभा सदस्य भुवन केशरी श्रेष्ठका अनुसार सभामुखको राजीनामापछि लामो समय बित्दा पनि प्रक्रिया टुंग्याउन नसक्दा दलहरुको कमजोरी भएको बताइन् । सत्तारुढ दलहरुको आपसी भागबण्डाका सभामुख चयन गर्न समस्या भएको उनको भनाई छ ।

## बागमती प्रदेश सभा

# नागरिकका मुद्दामा सरकार मूकदर्शक बनको आरोप

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभाका सदस्यहरुले नागरिकका मुद्दामा सरकार मौन रहेको टिप्पणी गरेका छन् । प्रदेशसभाको बैठकमा जनसरोकारका मुद्दामा सरकार मूकदर्शक बनेको भन्दै प्रदेश सभा सदस्यहरुले सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका हुन् ।

आइतबारको प्रदेशसभाको बैठकको विशेष समयमा बोल्दै प्रदेश सभा सदस्यहरुले बजेट कटौति, रासायनिक मलको अभाव, प्राकृतिक विपद् व्यवस्थापनमा ढिलाइ र लामो समयसम्म सभामुख चयन हुन नसकेको विषयलाई लिएर सरकारको आलोचना गरेका थिए । प्रदेश सभा सदस्यहरुले सरकारले जनअपेक्षा अनुसार काम नगरेको र संसदीय पद्दतिलाई नै कमजोर बनाएको बताए ।

प्रदेश सभा सदस्य रामकृष्ण चित्रकारले संघीय सरकारले हप्तामा दुई दिन बिदा दिने निर्णय गरेकोमा आपत्ति जनाए । उनले सातामा २ दिन बिदाको निर्णयले विद्यालय र अस्पतालको सेवामा असर पारेको बताए । उनले पेट्रोलियम पदार्थको मूल्यवृद्धि र विपद् व्यवस्थापनमा सरकार गम्भिर बन्नु पर्ने बताए । नागरिकको सहजताका लागि पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्नुपर्ने र वर्षायाम अघि नै विपद् व्यवस्थापनका लागि सडक तथा नदी किनारमा तटबन्ध लगाउनुपर्नेमा जोड दिए । 'शिक्षा नियमावलीले वर्षमा कम्तीमा १८० दिन कक्षा सञ्चालन हुनुपर्ने व्यवस्था गरेको छ । तर दुई दिने बिदाले वर्षमा जम्मा ८७ दिन मात्र पढाइ हुनेछ । यस्तो अवस्थामा गुणस्तरीय शिक्षाको अपेक्षा कसरी गर्ने ?' उनले भने ।

बैठकमा प्रदेश सभा सदस्य बालकुमारी विश्वकर्माले दलित समुदायका लागि ल्याइएको 'दलित सशक्तीकरण विधेयक' लाई सरकारले उपेक्षा गरेको आरोप लगाइन् । संविधानले अधिकार दिए पनि व्यवहारमा दलितहरु अझै शिक्षा, स्वास्थ्य र न्यायको पहुँचबाट पछाडि पारिएका उनको भनाई छ । 'हामीले पटक-पटक दलित सशक्तीकरण विधेयकको माग गरिरहेका छौं। तर सरकारले यसलाई प्राथमिकतामा राखेको छैन । दलित नागरिकलाई कहिलेसम्म दोस्रो दर्जाको नागरिक बनाइराख्ने हो ?' उनले भनिन् ।

प्रदेश सभा सदस्य रामकुमार पहाडीले खेतीपातीको समय सुरु हुनै लाग्दा किसानले मल र बीउ नपाएको भन्दै संघीय सरकारसँग समन्वय गरेर प्रदेशका कृषकहरुलाई सहज रुपमा मल तथा बीउको व्यवस्था गर्नुपर्ने बताए । उनका अनुसार किसानले मल नपाएर कालाबजारीबाट चर्को मूल्यमा किन्नुपर्ने अवस्था रहेको छ । प्रदेश सभा सदस्य समिता खड्का श्रेष्ठले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषा बनाइए पनि त्यसको कार्यान्वयन फितलो रहेको बताइन् । सदनमा अनुवादकको व्यवस्था नहुँदा मातृभाषामा बोलिएका कुरा अरुले नबुझ्ने समस्या रहेको उनले बताइन् ।

'हामीले घर-घरमा बाटो र बिजुली त पुऱ्यायौं, तर जनताको निराशालाई आशामा बदल्न सकेनौं । हामीले समयमा नै बुझ्न नसक्दा नागरिकहरुमा नैराश्यता पैदा भएको छ । भाषा र संस्कृति जोगाउन सरकार गम्भीर हुनु पर्छ। भाषा संस्कृतिको जगेर्ना गर्न नसक्ने हो भने संघीयताको मर्म मर्नेछ ।' उनले भनिन् । प्रदेश सभा सदस्य लक्ष्मी श्रेष्ठले बजेटलाई स-साना टुक्रे योजनामा वितरण गर्नुको साटो ठुला उद्योग स्थापनामा लगाउन सुझाव दिइन्। नागरिकलाई विकास चाहिएको भएपनि सरकारको बजेट सही ढंगबाट प्रयोग हुन नसकेको बताइन्। सरकारको बजेटलाई रुग्ण उद्योगहरु सञ्चालनमा लगाएर युवाहरुलाई स्वदेशमै रोजगारी व्यवस्था गर्नुपर्ने उनको भनाई छ।

प्रदेश सभा सदस्य उद्धव थापाले विद्यालय भर्ना अभियान र शैक्षिक सत्रको अन्योल हटाउन सरकारसँग माग गरे । उनले मेलम्चीको पाइप पुगेका स्थानमा पनि पानी नआएको भन्दै काठमाडौंवासीको प्यास मेटाउन सरकार सक्रिय हुनुपर्ने बताए। प्रदेश सभा सदस्य राजेन्द्र प्रजापतिले प्रदेश सभा सदस्यको हैसियत र भूमिका वडा अध्यक्ष जति पनि नरहेको बताए । सरकारको काम कारवाही र गतिविधिले प्रदेशको भुमिका समाप्तीको लयमा अघि बढेको उनले बताए ।

'हामी प्रदेश सांसद हौं भनेर घमण्ड त गर्छौं । तर एउटा वडा अध्यक्ष जति पनि हाम्रो हैसियत छैन। बजेट हाल्न पाइँदैन। हालिएको बजेट कार्यान्वयन हुँदैन । यस्तो अवस्थामा यो प्रदेश संरचना नै बोझ भयो कि भन्ने प्रश्न उठेको छ । जनताको रगत पसिनाबाट उठेको करको दुरुपयोग मात्र भइरहेको छ ।' उनले भने ।

प्रदेश सभा सदस्य रत्नप्रसाद ढकालले मन्त्रालयको संख्या घटाउनुपर्ने माग गर्दै सरकारले उक्त कार्य शिघ्र अघि बढाउनु पर्ने बताए । १४ वटा मन्त्रालय राखेर प्रशासनिक खर्च बढाउनु नहुने र प्रदशेमा अधिकतम ८ वटा मन्त्रालय कायम गर्नुपर्ने उनको भनाई छ । उनले ट्रेड युनियनहरुमाथि लगाइएको प्रतिबन्ध हटाउनुपर्ने माग गर्दै प्रदेश सभा मार्फत् संघीय सरकारको ध्यानाकर्षण गराए ।

# २ विधेयक अर्थ समितिमा पठाइयो

समाज संवाददाता



२ विधेयक अर्थ समितिमा पठाउने प्रस्तावको समर्थन स्वरुप हात उठाउँदै प्रदेश सभा सदस्यहरु ।

हेटौंडा : बागमती प्रदेशसभाले २ वटा विधेयक समितिमा छलफलमा लागि पठाउने प्रस्ताव पारित गरेको छ। आइतबार बसेको प्रदेशसभाको बैठकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धनमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विषयगत समितिमा पठाउने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हो ।

दुवै विधेयकलाई प्रदेशसभाको अर्थ तथा विकास समितिमा पठाइएको हो। प्रदेशसभाको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले आर्थिक कार्यविधि सम्बन्धी विधेयक विषयगत समितिमा दफावार छलफलका लागि पठाइयोस् भन्ने प्रस्ताव पेश गरेका थिए भने खानेपानी उर्जा तथा सिंचाई मन्त्री कृष्णकुमार तामाङले प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गरेका थिए ।

मन्त्रीद्वय प्रभात तामाङ र कृष्णकुमार तामाङले पेश गरेका विधेयकहरुलाई प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले निर्णयार्थ प्रस्तुत गरेकी थिइन्। उनले प्रस्तुत गरेको प्रस्तावलाई प्रदेशसभाका सदस्यहरुले 'हुन्छ' भनेर पारित गरेका थिए । बैठकबाट पारित भएको उक्त विधेयकहरु अर्थ तथा विकास समितिमा दफावार छलफल हुनेछ भने सो माथि परेका संशोधनहरु बारे पनि छलफलसहित पारित भई प्रतिवेदन तयार हुनेछ ।

त्यसअघि प्रदेशसभाको बैठकमा विशेष समयमा प्रदेश सभा सदस्यहरुले समयसामयिक विषयमा धारणा राखेका थिए भने प्रदेश सभा सदस्यहरुले उठाएका प्रश्नहरुमा सरकारका मन्त्रीहरुले जवाफ दिएका थिए । प्रदेशसभाको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको छ ।

# सम्पादकीय

## सभामुख चयनमा अलमल

सात महिनाभन्दा बढी समयदेखि रिक्त रहेको बागमती प्रदेशको सभामुख चयनमा अलमल भइरहेको छ । तत्कालीन सभामुख भुवनकुमार पाठकले गत असोज १ गते राजीनामा दिएपछि रिक्त भएको सभामुख पदमा हालसम्म नियुक्ति प्रक्रियासमेत सुरु हुन सकेको छैन । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि पाठकले सभामुख पदबाट राजीनामा दिए पनि प्रदेसभा सचिवालयले उक्त राजीनामाको बारेमा मंसिर ४ गते सार्वजनिक सूचना जारी गरेको थियो । त्यसअघि सरकारले मंसिर ३ गते प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको थियो । सोही समयमा उपसभामुख अप्सरा चापागाईंले सभामुखको राजीनामाबारे सार्वजनिक सूचना जारी गरेको भए पनि सत्तारुढ दलहरु नेपाली कांग्रेस र नेकपा एमाले दुबैले सभामुखमा आ-आफ्नो दावी नछोडेपछि सभामुख चयनमा सकस भइरहेको छ ।

बागमती प्रदेशसभाको सभामुख चयनका लागि संवैधानिक तथा कानुनी समयसीमा घर्किंदै जाँदा पनि सत्तारुढ दलहरुबीच सभामुखमा सहमति जुट्न सकेको छैन । मंसिर ४ गते नै सभामुखको राजीनामाबारे प्रदेशसभा सचिवालयले सूचित गरेको र उपसभामुखले सार्वजनिक सूचना जारी गरेको भए पनि प्रदेशसभामा राजीनामा पेश नभएको हुँदा सभामुख चयनको बारेमा अन्यौलता रह्यो । गत चैत २४ गते बसेको प्रदेशसभा बैठकमा तत्कालीन सभामुख भुवनकुमार पाठकको राजीनामा औपचारिकरुपमा पेस भएसँगै नयाँ सभामुख चयनको समयसीमा सुरु भएको छ । संवैधानिक व्यवस्थाअनुसार आगामी वैशाख ९ गतेभित्र सभामुख चयनको प्रक्रिया सुरु गर्नपर्ने वाध्यात्मक परिस्थिति भए पनि कांग्रेस र एमालेबिच सहमति हुन नसक्दा सभामुख चयनको विषय निकै पेचिलो बनिरहेको छ । सभामुख चयनका लागि वैशाख ९ गतेभित्र कार्यसूची सार्वजनिक गरिसक्नुपर्छ । तर, सभामुख चयनका विषयमा सत्तारुढ दलहरु कांग्रेस र एमालेबिच औपचारिक छलफलसमेत हुन नसक्दा अवस्था जटिल बन्दै गएको देखिन्छ ।

सत्तारुढ दलहरुबिचको पूर्वसहमतिअनुसार सरकारको नेतृत्वसमेत परिवर्तन गर्ने समय भइसकेको छ । तत्कालीन माओवादी केन्द्रको नेतृत्वको बागमती प्रदेश सरकारमा गठबन्धन परिवर्तन गरेर कांग्रेस र एमालेबिच सत्ता साझेदारीको सहमति भएपछि कांग्रेसले सरकारको नेतृत्व लिएको थियो । सोही सहमतिबमोजिम २०८२ चैतपछि प्रदेश सरकारको नेतृत्व एमालेलाई हस्तान्तरण गर्नुपर्ने भए पनि यसबारेमा समेत सत्तारुढ दलहरु मौन देखिएका छन् । सत्तारुढ दलहरुबिच शक्ति सन्तुलन मिलाउन मुख्यमन्त्री र सभामुख पद बाँडफाँट गर्नुपर्ने भए पनि दुबै दलले यस विषयमा औपचारिक छलफल सुरु गरेका छैनन् । सरकारको नेतृत्व परिवर्तन गर्ने वा नगर्ने टुङ्गो नलागी सभामुख कुन दलले पाउने भन्ने टुङ्गो नलागने सम्भावना छ । सत्तारुढ कांग्रेस र एमालेबिच शक्ति सन्तुलन मिलाउन पनि मुख्यमन्त्री र सभामुख पद बाँडफाँट गर्नुपर्ने बाध्यताका कारण दुई दलबिच पुन: सहमति आवश्यक देखिन्छ ।

झण्डै ९ महिनापछि गत चैत २४ गतेदेखि प्रदेशसभा सुचारु भए पनि सभामुख चयनको प्रक्रिया अघि बढ्न नसक्दा प्रदेशसभा बैठकमै सभामुखको खोजी हुन थालेको छ । प्रदेशसभा अधिवेशन आह्वान नहुँदासम्म सभामुख आवश्यक नभए पनि अधिवेशन सुचारु भएपछि १५ दिनभित्र सभामुख चयनको प्रक्रिया सुरु गर्नुपर्ने बाध्यता छ । सभामुख चयन प्रक्रिया सुरु गर्नुपर्ने समयसीमा सकिन लागदासमेत सत्तारुढ दलहरुभित्रको आन्तरिक खिचातानीले अनावश्यक अलमल भइरहँदा प्रदेशसभा र प्रदेश सरकार दुबैलाई समस्या पर्ने अवस्था सृजना हुने सम्भावना देखिएको छ ।

# समाज परिवर्तन र युवा



✍रोमन पौडेल

नेपाली समाज अन्य समाजभन्दा बढी पिछडिएको समाज हो। जसमा राजनीतिक दलहरू बढी नै दोषी देखिन्छन् । समाज परिवर्तन भए मात्र देश परिवर्तन हुन्छ जुन देशमा युवाहरु नेतृत्वमा आएका छन् उक्त देशमा विकासका कार्यहरु द्रुत गतिमा भएका छन् । हाम्रो नेपाल मात्रै एउटा यस्तो देश हो जहाँ युवाहरुलाई नेतृत्वमा ल्याउन दिइँदैन ।

युवाहरूमा जोश र जाँगर रहेको हुन्छ । शिक्षित युवाहरूमा आफूले पाएको शिक्षालाई देशकै माटोमा अपनाएर देश र समाज परिवर्तनमा भूमिका दिने सपना लुकेको हुन्छ । तर देशमा व्याप्त भ्रष्ट्राचार बेरोजगारी जस्ता समस्याले युवाहरूको सपना अध्ययन तथा रोजगारीका लागि विदेशिन बाध्य भएका छन् ।

युवाहरूको जोश र कामको कुरा गर्ने हो भने धरान र काठमाडौंका मेयरहरू उदाहरणका रुपमा हुनुहुन्छ । स्वतन्त्र युवाहरू जसमा राजनीतिक दलहरूको घेरबन्दी हुँदैन र आफूले चाहेका प्रत्येक कामहरू बलपूर्वक नै किन नहोस् सम्पादन गर्न पनि पछि नहट्ने जोश केवल स्वतन्त्र युवाहरूमा मात्र देख्न सकिन्छ ।

प्रत्येक राजनीतिक आन्दोलनमा युवालाई अगाडि सारिन्छ तर आन्दोलन पश्चात आएका परिवर्तन संस्थागत गर्न र कार्यान्वयन गर्ने समयमा युवाहरूलाई बेवास्ता गर्ने परिपाटी राजनीतिक दलहरूमा व्याप्त छ। समय अनुकूल युवाहरूमा राजनीतिक दल अग्रज नेतृत्वहरूले काम र नेतृत्व हस्तान्तरण गर्न सक्नु समयको माग हो ।

राजनीतिक दलहरूले आफू सत्तामा पुग्न मात्र युवाहरूलाई प्रयोग गरेका छन् । सत्तामा पुग्न युवाको साथ खोज्ने तर सत्तामा पुगेर युवालाई अवसर नदिने यही त मुख्य कारण हो नि जनतामा राजनीतिक दलप्रतिको विश्वास कायम हुन नसकेको हो ।

नेपाली समाजमा प्रजातन्त्रदेखि आज गणतन्त्र आउँदासम्म पनि युवालाई सत्ताको लागि प्रयोग गर्ने प्रचलन कायम रहेको छ । युवाहरू आफैंलाई नेतृत्वमा राख्न सके मात्र देशमा भएका सम्पूर्ण समस्या निवारण भएर देश विकासको पथमा अगाडि लम्किन पाउँछ । प्रत्येक क्षेत्रमा युवालाई नेतृत्वमा ल्याउने समयको माग हो । युवा शक्ति देशका आवश्यकता हुन् र गहना हुन् । अब सम्पूर्ण जनताले युवालाई जिताएर नयाँ सोचाइ स्थापित गर्नुपर्छ युवाबिना देशको भविष्य अन्धकार छ ।

विकसित देशहरूले युवाहरूलाई देश विकासमा खटाएर त विकसित भएका हुन् । नेपाली जनताले देखेको विकासी सपना पूरा गर्न पनि त युवा नै चाहिन्छ यो कुरा महत्वपूर्ण हो । समाजमा देखापर्ने प्रत्येक समस्याहरूलाई शिक्षित युवाहरूले जरैबाट उखलेर फाल्न सक्छन् युवा शिक्षित भए समाज र समाज शिक्षित भए देश पुरै शिक्षित हुन्छ ।

समाजमा युवालाई विकासका कार्य सम्पादन गर्न दिने हो भने पूरै देश विकास हुन धेरै समय लाग्दैन । युवाहरूको मिहिनेत र शिक्षा देशमै प्रयोग हुने वातावरण बनाउन योगदान दिनु प्रत्येक नागरिकको कर्तव्य हो । देशमा समृद्धि चाहने सम्पूर्ण नागरिकले युवालाई साथ दिन आवश्यक महसुस भएको छ ।

अन्त्यमा युवाको भूमिकालाई सम्पूर्ण जनता साथै राजनीतिक दलहरूलाई बुझेर नेतृत्वमा पुऱ्याउन सहयोग गर्नुपर्छ। देश विकासमा युवाको अथक मेहनतको आवश्यकता छ जसलाई सबै मिलेर पूरा गरौं त्ताको नेतृत्व युवामा पुऱ्याउन अबको चुनावलाई प्रयोग गर्नु उचित हुन्छ ।

# यिनै अनुहार देखाएर वामले पाउलान् त आम विश्वास ?

कवि श्यामलको एउटा कविता छ 'हतारमा यात्रा' शीर्षकको । त्यसो त म उनको उक्त कविताको मूल राजनीतिक सन्देशप्रति असहमत छु, तर जीवनका साना-साना खुसीहरू कहाँ छन् भन्ने आत्मानुभूति दिलाउन उक्त कविता पढ्नु अर्थपूर्ण हुन्छ ।

हतारमा यात्रा गर्दा छोराछोरीलाई बिदाइको हात हल्लाउन भुल्न सकिन्छ, पत्नीको म्वाइँ खान (कविले पत्नीहरू पनि यात्रा गर्छन् भन्ने बिर्सेछन् कि जस्तो छ) या भर्खर लिपेको दैलो-ठेलाबाट आइरहेको रातो माटोको बास्ना अनुभव गर्न छुट्न सक्छ, बा-आमाको आशीर्वाद थाप्न भुल्न सकिन्छ । र सबैभन्दा ठूलो कुरा त जाने र पुग्नुपर्ने ठाउँको ठेगाना लेखिएको कागज या गर्नुपर्ने कामको टिपोट नै पनि छुट्न सक्छ ।

मलाई यो सन्दर्भ सम्झाइदिएको चाहिँ हालै कतिपय अनलाइन पत्रिकाहरुमा या सञ्चारमाध्यममा आएका केही समाचारले हो जसले नेकपा एमाले र नेकपाका बीच एकताको चर्चा गरिरहेका छन् । नेकपा संयोजक प्रचण्डलाई ओलीका दूतले भेटेको, ओलीलाई भेट्न प्रचण्ड आफैं अस्पतालमा पुगेको, दुवै पक्षका युवा तुर्कहरू संवादमा रहेको जस्ता खबर सञ्जाल र पत्रिकाहरूमा आइरहेका देखेपछि मलाई कमरेडहरु निकै हतारमा छन् कि जस्तो लाग्यो ।

त्यसो त म नेकपा एमाले, नेकपा र अरु साना-ठुला कम्युनिस्ट घटकहरु विप्लव, घनश्याम, राम कार्की, कमरेड किरण, कमरेड एमबी लगायत सबै समूह-उपसमूहहरु एक होऊन् (यिनलाई सनातन परिभाषामा वामपन्थी घटक भन्न त सकिएला तर कतिपयको वामपन्थप्रति म आशङ्का गर्छु, त्यसैले यहाँ उनीहरूको नामको प्रतिनिधित्व गर्ने गरी कम्युनिस्ट घटक नै भनिनेछ) र मिलेर जाऊन् भन्ने चाहन्छु ।

यसो गर्नु नेपालमा पछिल्लो समय विकसित राजनीतिमा खुम्चिँदो डेमोक्रेटिक स्पेसका कारणले पनि आवश्यक छ। विद्यमान विभेद, शोषण, अविकास र गरिबी हटाउन आफैं नेतृत्व गर्ने अवसर पाएर गुमाएको भए पनि राज्यलाई पर्याप्त दबाब दिने शक्ति कम्युनिस्ट पार्टीहरुले आर्जन गर्न सकेनन् भने यस्तो विभेद र वर्गीय शोषण झन् बढेर जान सक्छ । डेमोक्रेसी कमजोर हुने त निश्चित भइसकेको कुरा हालै शिक्षामन्त्री र विश्वविद्यालयका भिसीसमेतको संयुक्त बैठकले गरेको निर्णय भनेर पञ्चायतको दोस्रो दशक सुरु हुँदा झैं विद्यार्थी युनियनका गतिविधि नियन्त्रण गर्न भएको सहमति सार्वजनिक भएको कुराले देखाइसकेकै छ ।

राष्ट्रियता कमजोर हुने र भूराजनीतिक घर्षणका कारणले सार्वभौम स्वायत्तताको रक्षा थप चुनौतीपूर्ण बन्न सक्छ । यसैले नेपालका कम्युनिस्ट दल र समूहहरू छिटो-छिटो एकताबद्ध होऊन्, आफूलाई विचार, शैली र नेतृत्वका सबै पक्षमा व्यापक सुधार गरेर जनसमक्ष माफी माग्न जाऊन् । उदारवादको वकालत गर्ने कांग्रेस पनि दरिलो भएर जाओस् भन्ने मेरो शुभेच्छा छ ।

पाठकहरूलाई खुलै भनिदिऊँ : मेरो शुभेच्छा सर्तहीन छैन ।

हामीले निकट विगतमा कम्युनिस्टहरूका बीच एकता भएको, विभाजन भएको, तानातान-हानाहान भएको देखेका छौं । एकता भएको बेला त्यस्तो एकताको लाभ सीमित व्यक्तिहरूलाई सत्ताको म्युजिकल चियरमा भाग लिन मात्र सहयोगी बनेको अनुभव गरेका छौं । उनीहरूको सार्वजनिक जीवन जनताबाट टाढिएको, उनीहरूले प्राप्त जनमतको उपयोग जसका लागि गर्नुपर्थ्यो त्यसका पक्षमा नगरेर नगर्नुपर्नेको पक्षमा काम गरेको पनि बेहोरेका छौं ।

जनताकै मतले जितेर गएपछि जनतालाई नै हेपेको पनि अनुभूति गरेका छौं । संविधानको रक्षा गर्ने कसम खाएर संविधानकै हुर्मत लिएको, मार्क्सवाद, जबज र माओवादको रक्षा गर्ने कसम खाएर नेता भएपछि त्यसकै धज्जी उडाएको




बेहोरेका छौं । २०७४ को दसैं छेकोमा कमरेड ओली र कमरेड प्रचण्डले गरेको मोर्चाबन्दीपछिका अनेक नकारात्मक घटना भोगेका छौं र उनीहरूको हतारको यात्राले कसरी गन्तव्यको ठेगाना बिर्सेको थियो भन्ने कुराको भुक्तभोगी पनि बनेका छौं ।

अब उनीहरू जुन एकताको कुरा गर्दैछन् त्यसअघि उनीहरूले केही प्रश्नको उत्तर दिनुपर्नेछ । यस्तो एकता पछि के हुन्छ ? आम नागरिकलाई यसले के-के राम्रो गर्छ ? देशलाई अघि बढाउन, समाजलाई बेरोजगारी, अभाव र अविकासबाट मुक्त गर्न उनीहरूले एकता गरेपछि के गर्नेछन् ? हिजो लामो समय सत्ता र शक्तिमा रहँदा गर्न नसकेको/नगरेको काम अब उनीहरू सत्तामा गए नै भने पनि गर्छन् भन्ने के विश्वास ? जनता पटक-पटक झुक्किएको अनुभव गरेका हुन् र उनीहरूलाई चुनावमा दण्डित गरेका हुन् भने अब झुक्क्याइने छैन भनेर जनतालाई कसरी आश्वस्त पार्लान् ?

यस्ता जिज्ञासाका कारण मलाई उनीहरू हतार त गर्दै छैनन् भन्ने लागेको हो । र सबैभन्दा ठूलो कुरा कमरेड केपी ओली र कमरेड प्रचण्डले एकताका लागि सहजकर्ताको भूमिका खेलेर तुलनात्मक रूपले युवा अनुहारलाई जिम्मेवारी दिएर सम्मानजनक बिदा लिन्छन् कि एकताका नाममा आफ्नो सत्ताको आयु लम्ब्याउन मात्र यो एकता गर्न लागेका हुन् ? के ओली र प्रचण्ड या कमरेडहरु झलनाथ, माधव, वामदेव, नारायणकाजी, बादल, ईश्वर पोखरेललगायतको टेस्टेड समूह एक ठाउँमा आएर मिलेको दाबी गर्दैमा जनताले उनीहरूलाई विश्वास गर्लान् ? यस्तो एकताले फेरि शक्ति आर्जन गर्ला ? यी प्रश्नका विश्वसनीय उत्तरहरू नदिइकन एकता गरियो भने यस्तो एकताले आफू जाने ठेगाना भुलेको हतारको यात्रीकै रूप लिने निश्चित छ । यो आलेखमा त्यसतर्फ ध्यानाकर्षण गर्ने प्रयास गरिनेछ ।

### एकता गर्नुअगाडि

उनीहरूका बीच एकता आवश्यक रहेको कुरामा सहमत हुँदाहुँदै पनि यस्तो एकता विकल्प हो कि नयाँ वामपन्थी विकल्प (न्यु लेफ्ट अल्टरनेटिभ) अथवा अल्टरनेटिभ लेफ्ट आवश्यक हो भन्ने विषय पनि बहसमा आउनु जरुरी छ । हामीलाई वर्तमान राजनीतिको वामपन्थी विकल्प चाहिएको हो, अनेक स्वार्थहरु मिसमास गरिएको बलियो कम्युनिस्ट पार्टी मात्र चाहिएको होइन । यस्तो नयाँ वामपन्थी विकल्प निर्माणमा वर्तमान कम्युनिस्ट पार्टीहरुमा रहेका नेता तथा कार्यकर्ताहरु, तिनका सङ्गठन र सञ्जालहरू सामेल हुन सक्छन् ।

यस्तो लेफ्ट अल्टरनेटिभले वर्तमान राज्यसत्ताको वर्गचरित्र, यसले प्रतिनिधित्व गर्ने विचारधारा र विश्व व्यवस्थासँग यसको सम्बन्धको नयाँ विकल्प खोज्छ । यस्तो विकल्पको सैद्धान्तिक आधार त मार्क्सवाद नै हुनेछ तर त्यसको नेपाली सन्दर्भको प्रयोग आफ्ना इतिहासका शिक्षाहरूबाट परिष्कृत भएको हुनुपर्नेछ ।

जस्तो कि नेपालको कम्युनिस्ट आन्दोलनले समय-समयमा अतिवामपन्थी झुकाव राखेर शक्ति केही आर्जन गरेको भए पनि अन्ततः यो उदार वादी व्यवस्थाका लागि सङ्घर्षमा पुगेर बिसाउने गरेको छ । खुला समाजको अभ्यास, प्रतिस्पर्धाको राजनीति, बहुलवादलाई स्वीकार गरेर अघि बढेको समयमा नै यसले पर्याप्त शक्ति आर्जन गर्दै पटक-पटक सरकारमा पुग्ने गरेको छ । २०४७ सालमा एमाले, २०६४ सालमा माओवादी र २०७४ सालमा एमाले-माओवादी गठबन्धनले आर्जन गरेको शक्तिले त्यसलाई प्रमाणित गर्छन् ।

तर आर्जित शक्तिको प्रयोगका सन्दर्भमा, पार्टीभित्र अभ्यास गरिनुपर्ने लोकतन्त्रका सम्बन्धमा, नेताहरूको जीवनशैली र कार्यशैलीका सन्दर्भमा, सरकारमा रहँदा कुन वर्गको सेवा गर्ने भन्ने सन्दर्भमा, समग्र पार्टी सञ्चालनको पद्धति र नेतृत्व निर्माणको सन्दर्भमा यसले अझै पनि हाम्रो खुला समाजको अभ्यास र उदारवादी राजनीतिक फ्रेमभित्र बसेपछि पालन गर्नुपर्ने विधिलाई अस्वीकार गर्दा अन्तरविरोधहरू उत्पन्न भएका छन् ।

घोषित विचारधारा र अभ्यासका बीच रहेको दुरीले यी दल र यसको नेतृत्वलाई जनताबाट अलगथलग बनाइदिएको छ। चुनावदेखि चुनावसम्म, कुर्सीदेखि कुर्सीसम्मको गोलचक्करमा फस्दा सम्पूर्ण पार्टी संयन्त्र बिचौलियाहरूको सङ्गठनमा रूपान्तरित भएको छ ।

नयाँ जनवादी क्रान्तिको चरण पूरा भएपछि समाजवादी क्रान्तिको तयारी गर्ने भन्ने शास्त्रीय कम्युनिस्ट विचारधारालाई मान्दा पनि नेकपा एमाले र माओवादीले त्यसको मूल मर्मलाई आत्मसात् गर्न सकेको देखिन्न । समाजवादी व्यवस्थामा जाने मान्यता राख्ने हो भने त्यसका कार्यनीति र रणनीति के हुन्, त्यसको प्राप्तिका लागि निर्णायक शक्ति कुन हो, को-को मित्र शक्ति हुन्, को-कोसँग एकता र को-कोसँग प्रतिस्पर्धा गर्नुपर्ने हो, अहिले सत्तामा जान पाएको अवस्थामा के-कस्ता कार्यक्रम लागु गर्दा बहुमत जनताको विश्वास र समर्थन आर्जन गर्न सकिन्छ ?

हाम्रो जस्तो अल्पविकसित समाजमा उत्पादक शक्तिको विकासमा बाधा पुऱ्याउने मुख्य आन्तरिक र बाह्य तत्त्वहरू के-के हुन् ? त्यस प्रकारको बाधालाई निषेध गरेर उत्पादक शक्तिलाई स्वतन्त्र बनाउन अथवा अहिलेको सन्दर्भमा राष्ट्रिय चरित्रसहित विश्व पूँजीवादसँग प्रतिस्पर्धा र एकता गरिरहेको पूँजीवादी विकासको मार्गचित्र के हो ? यी कुरा खुल्लमखुल्ला जनतासमक्ष राख्न नसक्ने, सरकारमा जाँदा त्यसअनुरूपका नीति, कार्यक्रम, ऐन, कानुन र संस्था-संरचनाहरू बनाउने र सडकमा हुँदा त्यसका लागि दबाब सिर्जना गर्ने आधारभूत कार्यसूचीबाट पन्छिने अनि आफू प्रधानमन्त्री हुन या सरकारमा जान पाए त्यो अवस्था सही र आफू जान नपाउँदा मात्र समस्या देख्ने मनोरोग लिएर कसरी जनताको विश्वास आर्जन गर्न सकिन्छ ?

एकताबाट शक्ति आर्जन गर्ने हो भने त्यस्तो एकता हुनुअगाडि पार्टीभित्र र बाहिरको शुभेच्छुक पङ्क्तिसम्म यी विषयमा बहस गराउन र नेतृत्वले यसको जवाफबाट कमसेकम एकताबाट बन्ने दलका सदस्यहरूको चित्त बुझाउन सक्नुपर्छ । चुनावमा भएको निराशाजनक पराजयपछि कार्यकर्ता र सदस्यहरूको एउटा पङ्क्तिमा अब यी दल विकल्प होइनन् भन्ने परेको छ जो विस्तारै दलबाट बाहिरिने बाटो रोज्नेछ ।

अर्को पङ्क्ति निराश त छ तर वामपन्थी विकल्पकै निर्माणको खोजीमा छ । यो पछिल्लो पङ्क्तिले चुनावको गणितीय विश्लेषण गर्दै कम्युनिस्ट घटकका बीच एकताको कुरा गर्न थालेको छ । यो एकताका लागि अनुकूल समय पनि हो ।

यो पङ्क्तिको मुख्य समस्या के छ भने यसले एमालेले विकास र अभ्यास गरेको जनताको बहुदलीय जनवाद किन असफल भयो भन्ने भेउ पाइरहेको छैन । माओवादी पार्टीको विचारधारात्मक डेभिएसन कहाँनिर भयो अथवा समस्या विचारमा हो कि कार्यशैली र नेतृत्वमा भन्ने विषयमा अलमलमा छ ।

समस्या राजनीतिक हो, वैचारिक हो । उपचार प्राविधिक पक्षमा या विधि र कानुनमा खोजेर हुँदैन । सिद्धान्त, विचार र राजनीतिक कार्यक्रमका विकल्पमा गरिने बहसले मात्र कस्तो पार्टी बनाउने, किन बनाउने, कहाँ जाने भन्ने निक्यौल गर्छ । त्यसपछि मात्र को नेता हुने, कस्तो सङ्गठन बनाउने, कस्ता सङ्घर्षका कार्यक्रम अघि बढाउने भन्ने निक्यौल हुन्छ । त्यसपछि गरिएको एकताले मात्र सबैलाई क्रियाशील बनाउँछ, एकताले सिनर्जाइज गर्छ ।

बहुसङ्ख्यक साधारण नागरिकले 'यो पार्टी किन र कसरी मेरो र देशको स्वार्थ पूरा गर्ने एक मात्र पार्टी हो' भन्ने विश्वास नगरेसम्म त शक्ति कसरी आर्जन हुन्छ, समाजवाद कसरी प्राप्त हुन्छ र ?

अहिले त ओली र प्रचण्डहरूको सङ्कट टार्ने र उनीहरूको पदको आयु लम्ब्याउने उद्देश्यले मात्र एकता गर्न खोजिएको हो कि भन्ने प्रश्न उठेको छ । एकताको उद्देश्यमा बृहत्तर जनता र देशको हितका कार्यसूची प्रधान हुन् भन्ने विश्वास दिलाउने काम प्रचण्ड र ओलीको हो, एकताको पहल गरिरहेका युवा तुर्कहरूको पनि हो । एकता हुनु राम्रो हो, आवश्यक पनि छ तर त्यसले आफूमाथि उठेका प्रश्नहरूको निरुपण गर्नु त्योभन्दा बढी आवश्यक छ ।

### खोसिएका एजेन्डा

अहिलेको नेपाली समाजको मुख्य माग सुशासनको थियो त्यो कार्यसूची रास्वपा र बालेनले कम्युनिस्ट पार्टीहरुबाट तत्कालका लागि खोसिदिएका छन् । लामो समय सत्ता अभ्यास गरेका एमाले र माओवादी तथा तिनका धेरैपटक सत्तामा गएका नेताहरुको अनुहार लिएर सुशासनको कार्यसूची बोकेर जाँदैमा जनताले पत्याउने सम्भावना छैन । किनभने कुशासन र लोकतन्त्रको चीरहरणमा यो नेतृत्वको भूमिका रहेको आम जनविश्वास छ ।

दोस्रो माग रोजगारीको हो । ओली र प्रचण्डको नेतृत्वमा कम्युनिस्टहरु बारम्बार सत्तामा जाँदा र उनीहरूले अवसर पाउँदा सिर्जना नभएको रोजगारी अब जाँदैमा सिर्जना हुन्छ भनेर विश्वास दिलाउन गाह्रो छ। परिक्षित व्यक्तित्वको फेस भ्यालु लिएर जनतामा र समर्थकमा जाँदा आम नागरिकको विश्वास आर्जन हुने सम्भावना क्षीण हुन्छ ।

यसैले मूल प्रश्न जनताको दैनिक जीवनसँग सरोकार राख्ने तर बालेनहरूले खोस्न नसकेका कार्यसूची तय गर्नु र त्यसका लागि आफ्नो पार्टी मात्रै विकल्प हो भनेर स्थापित गर्नु कम्युनिस्टहरूको पहिलो चुनौती हुनेछ ।

बालेन र रास्वपाले विस्तारै सङ्घर्षका लागि कार्यसूची दिनेछन् त्यो त निश्चित छ । ट्रेड युनियन अधिकार खोसेर, शिक्षक, न्यून वैतनिक कर्मचारी, विद्यार्थी र प्राध्यापकलाई समेत सङ्गठित हुने अधिकारबाट वञ्चित गरेर केही कार्यसूची त यो सरकारले उपलब्ध गराइसकेकै छ । अर्को कुरा यो सरकारको आर्थिक नीति अघिल्ला सरकारहरुको भन्दा खासै भिन्न हुनेछैन । यसले गर्ने भनेको लगानी र व्यवसायको वातावरण बनाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्ने थप सुधारका योजना ल्याएर हो । त्यस्ता सुधारका योजना आवश्यक पनि छन् ।

नीति र कानुनहरू र संस्थागत संरचनामा सुधार गर्दा सीमित सङ्ख्यामा उद्योग-व्यवसाय र रोजगारी सिर्जना हुने पनि छन् । समस्या यो छ कि यतिबेला त्यसको विचारधारात्मक आधार

...बाँकी पृष्ठ ३ मा


## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |


## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : घरयासी सामाग्रीहरु जोहो गरिने योग छ ।
**वृष** : प्रयासले रोकिएका कामहरु बन्ने योग छ ।
**मिथुन** : डुब्न लागेको काम र दाम प्राप्त हुनेछ ।
**कर्कट** : मानसिक अशान्ति र विचलन ल्याउने छ ।
**सिंह** : धपेडी र दौडधुप बन्न सक्ने समय छ ।
**कन्या** : राज्यपक्षबाट लाभ हुने समय योग छ ।
**तुला** : सामाजिक दायित्व बढने समय योग छ ।
**वृश्चिक** : कामकाजमा मन आकर्षित हुने समय छ ।
**धनु** : स्वास्थ्य स्थिति कमजोर रहने समय छ ।
**मकर** : पुरस्कार प्राप्त हुने समय योग रहेको छ ।
**कुम्भ** : ज्ञानमुलक विषयमा सक्रिय भइने समय छ ।
**मीन** : व्यवहारिक समस्याले तनाव बढाउने छ ।

# अभिभावकीय शिक्षा सञ्चालन गर्नुपर्छः प्रधानाध्यापक सञ्जेल



प्रधानाध्यापक केशव सञ्जेल

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर क्षेत्रको केन्द्रमा रहेका विद्यालयहरुमा विद्यार्थीहरुको भिड बढ्दै जाँदा हेटौँडा-१५, रातोमाटेस्थित जनजागृति माध्यमिक विद्यालय (प्राविधिक शिक्षलय)मा भने विद्यार्थी टिकाउन सकस भइरहेको छ । विसं २०६७ सालमा यस विद्यालयमा ७ सयको हाराहारीमा अध्ययन गर्ने विद्यार्थी घटेर साधारणतर्फ २ सय ६४ जना र प्राविधिकतर्फ ७५ जना गरी २०८२ सालमा ३ सय ३९ मा सीमित हुन पुगेको छ ।

केही वर्षसम्म यस वडामा कच्ची बाटोहरु रहँदा बाध्यताले सोही विद्यालयमै आफ्ना बालबालिका पठाउने अभिभावकहरुले अहिले आफ्नै घरअगाडि निजी (संस्थागत) विद्यालयका बस चल्न थालेपछि आफ्ना छोराछोरी त्यतै पठाउँदा विद्यालयमा निरन्तर विद्यार्थी संख्या घट्दै गइरहेको प्रधानाध्यापक केशव सञ्जेलले बताउनुभयो । विद्यार्थी संख्या घटेसँगै गतवर्ष विद्यालयको एक प्राथमिक स्थायी दरबन्दीसमेत कटौती हुन पुग्यो । यस विद्यालयमा विद्यार्थी संख्यामात्र घटेको छैन, विद्यार्थीहरुको उत्तीर्ण हुने दर पनि न्यून हुँदै गएको छ ।

विद्यालयको ४ वर्षअघि ४८ प्रतिशतमात्र रहेको विद्यालयको सिकाइ उपलब्धि यस वर्ष ६८ प्रतिशतसम्म पुगेकोमा भने विद्यालय खुसी छ । हाल विद्यालयमा ३ जना प्राविधिकतर्फका समेत २१ जना शिक्षकहरु कार्यरत छन् । यसअघि ७ सय विद्यार्थी हुँदा विद्यालयमा २२ कक्षाकोठामा पठनपाठन सञ्चालन भए पनि अहिले आधाजसो कक्षाकोठा खाली नै रहेको विद्यालयले जनाएको छ । पहिले माध्यमिक तहका कक्षाहरुमा प्रत्येकमा दुईवटा सेक्सन हुन्थे तर हाल एउटा कक्षा एक कोठामै सीमित छ ।

यस विद्यालयले भोग्दै आइरहेको अर्को चुनौती ध्वनी प्रदूषण पनि हो । पूर्वपश्चिम (महेन्द्र) राजमार्गमा जोडिएको कारण विद्यालयमा सडकमा चल्ने सवारी साधनको चर्को स्वर पढाइरहेको कक्षाकोठासम्म पुग्छ । यो समस्या समाधानका लागि विद्यालय व्यवस्थापन समितिले विद्यालय अन्यत्र सार्ने निर्णय गरे पनि १५ नम्बर वडा कार्यालयले कुनै प्रक्रिया अघि बढाएको छैन । सडक डिभिजन कार्यालयले राजमार्ग फराकिलो पार्ने क्रममा विद्यालयको पर्खाल भत्काइदिएपछि विद्यार्थीहरुलाई संरक्षण गर्न जस्तापाताले अस्थायी घेराबार लगाइएको छ ।

यद्यपि गतवर्ष बिद्यालयले केही थप कार्यक्रमहरु गरेपछि नतिजा भने सकारात्मक आएको प्रधानाध्यापक सञ्जेल बताउनुहुन्छ । करिब २५ वर्ष बिद्यालयमा पठनपाठन गरिसक्नुभएका सञ्जेलले पछिल्लो १० वर्ष नतिजा र विद्यार्थी संख्या खस्कँदैमात्र गएको देख्नुभएको भए पनि अघिल्लो वर्षको नतिजाले भने उहाँलाई केही प्रेरणा जागेको छ । अघिल्ला वर्षहरुमा विद्यालयले एसईईमा ३० देखि ३५ प्रतिशत नतिजा प्राप्त गरिरहेकोमा अघिल्लो वर्ष विद्यार्थीहरुलाई बन्द शिविरमा राखेर निगरानी तथा पठनपाठन गराएपछि भने ५२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुन सफल भए । अघिल्लो वर्षको नतिजाले उत्साहित विद्यालयले यस वर्ष पनि कक्षा १० का विद्यार्थीहरुलाई बन्द शिविरमै पठनपाठन सञ्चालन गऱ्यो । यसवर्ष ३१ जना विद्यार्थीहरु एसईई परीक्षामा सामेल भएकोमा ७० प्रतिशत अर्थात् २३ जना उत्तीर्ण हुने अपेक्षा विद्यालयले राखेको छ ।

अभिभावकहरु सचेत नहुँदा विद्यालयको अपेक्षाअनुरुप समन्वय गर्न नसकिएको प्रधानाध्यापक सञ्जेल गुनासो गर्नुहुन्छ । अभिभावकहरुको आफ्ना बालबालिकाको पढाइबारे कुनै चासो नराख्ने तर परीक्षामा नतिजा बिग्रियो भने गाली गर्न आइपुग्ने रबैयाले शिक्षकहरुलाई थप समस्यामा पारेको उहाँको भनाइ छ । अभिभावकहरु आफ्ना बालबालिकालाई पठनपाठनप्रति प्रेरणा दिनुपर्छ भन्नेमा नै अनविज्ञ देखिएको उहाँको बुझाइ छ ।

९८ प्रतिशतभन्दा बढी तामाङ बाहुल्यता रहेको यस क्षेत्रका अभिभावकहरु बालबालिकालाई प्रतिस्पर्धात्मक वातावरणभन्दा संस्कृतिउन्मुख रमाइलोमा ढाल्ने गरेको उहाँको अनुभव छ । यस्तै विद्यालय व्यवस्थापन समितिमा पनि यस्तै अभिभावकहरु रहने हुँदा समितिमा शिक्षकहरुले नै समस्या समाधानका निम्ति योजना प्रस्तावहरु बनाउनुपर्ने बाध्यता रहेको सञ्जेलको भनाइ छ । व्यवस्थापन समिति सदस्य तथा अभिभावकलाई वडालगायतका संस्थाहरुले अभिभावकीय शिक्षा सञ्चालन गरेमा यो समस्या समाधान भएर जाने उहाँको अपेक्षा छ ।

साधारणतर्फ मात्र नभएर प्राविधिक धारतर्फ पनि स्थानीयको चासो कम भएको उहाँको अनुभव छ । हाल विद्यालयमा अटोमोबाइल इन्जिनियरिङ विषयमा सीटीईभीटी तथा औद्योगिक प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत ७५ जना अध्ययनरत छन् । विद्यालयमा सीटीईभीटीको सम्बन्धनमा १८ महिने प्रि-डिप्लोमा कार्यक्रममा २४ कोटा रहेकोमा २० जना अध्ययनरत छन् । यस्तै, बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय तथा स्विस सहयोग अन्तर्गत औद्योगिक प्रशिक्षार्थी कार्यक्रममा २० जनाको कोटामा पूर्ण संख्यामा अध्ययनरत रहेका छन् । तर सबै विद्यार्थीहरु तराईका सप्तरी, सिराहा, बर्दिया, महोत्तरी, धनुषालगायतका जिल्लाहरु तथा हेटौँडाका अन्य वडाहरुबाट मात्र गएका छन् । वडाभित्रकै स्थानीयबासीहरु भने अध्ययनरत छैनन् ।

हाललाई एसईई दिने विद्यार्थीलाई बन्द शिविरमा राखेर परीक्षाको नतिजामा सुधार आए पनि प्रधानाध्यापक सञ्जेल सन्तुष्ट हुनुहुन्न । स्थानीय तहले विद्यालयका सबै समस्याहरु समाधान गर्न तयार हुनुपर्ने उहाँको बिचार छ । विद्यालयको स्थानान्तरणसँगै अभिभावकहरुलाई शिक्षा तथा वडा कार्यालयबाट पर्याप्त आवश्यक बजेटको व्यवस्था गरी विद्यालय व्यवस्थापन समितिलाई प्रभावकारी बनाउन सके विद्यालयमा सुधार गर्न सकिने प्रधानाध्यापक सञ्जेलको सुझाव छ ।

# गर्मीसँगै सर्प भेटिने क्रम बढ्यो

समाज संवाददाता



हेटौँडाः गर्मीयाम सुरु भएसँगै विश्वकै सबैभन्दा विषालु सर्प किङ कोब्रा मकवानपुर जिल्लामा भेटिने क्रम बढेको छ । सर्प उद्दार क्षेत्रमा सक्रिय रहँदै आएका मकवानपुरका राजेश थापा 'गरिब' र रोशन दीपले नयाँ वर्ष सुरु भएको पहिलो हप्तामै जिल्लाको ४ ठाउँबाट किङ कोब्राको उद्दार गरेको जानकारी दिएका छन् ।

बैशाखको पहिलो हप्तामा हेटौँडा उपमहानगरपालिका-९, बागमतीको साततल्ले, थाहा नगरपालिकाको वडा नम्बर २ र वडा नम्बर १० बाट किङ कोब्रोको सकुशल उद्दार गरिएको हो । डेढ वर्षको अवधिमा आफूले मात्रै जिल्लाका विभिन्न गाउँबाट झण्डै १० वटा किङ कोब्राको उद्दार गरिसकेको सर्प उद्दारकर्ता थापाले बताएका छन् । उद्दार गरिएका सर्पहरुलाई डिभिजन वन कार्यालयको समन्वयमा जंगलमा छोडिएको छ ।

विश्वकै सबैभन्दा ठूलो, लामो र विषालु सर्प प्रजातिमध्येको एक किङ कोब्रालाई राजगोमन र कालीनाग पनि भनिन्छ । यसको वैज्ञानिक नाम ओफियोफेगस हाना हो । यसको टोकाइमा पाइने 'न्यूरोटक्सिक भेनम' विष अत्यन्त घातक हुन्छ । किङ कोब्राको एक पटकको टोकाइले करिब २१ जना मानिस वा एउटा हात्तीलाई मार्ने गर्छ । मुख्यतः दक्षिण तथा दक्षिण-पूर्वी एसियाका घना जंगलहरूमा पाइने यो सर्पले अरु सर्पहरुलाई खान्छ । यो करिब १८ फिटसम्म लामो हुने गर्दछ ।

मकवानपुरमा किङ कोब्रासँगै मोनोस्लेड कोब्रा, स्पेटिकल कोब्रा, बेन्डेड करेट, कोरल स्नेक, ग्रिन पिट भाइपर, रेडनेक किलव्याकजस्ता विषालु सर्पहरु भेटिने गरेको छ । त्यस्तैगरी हल्का विषालु सर्पहरुमा फ्रोस्टेन क्याट स्नेक, अर्नेट फ्लाइङ स्नेक, कमन क्याट स्नेक भेटिने गरेका छन् । कपर हेडेट ट्रिङ्केट, कमन ट्रिङ्केट, ट्वीन स्पोटेट, उल्फ् स्नेक, बफस्ट्रीप्ड किलव्याक, चेकर्ड किलव्याक स्नेक, ऱ्याट स्नेक, ब्रोन्जव्याक ट्रि स्नेकजस्ता अविषालु सर्प पनि भेटिने गरेका छन् । सर्पहरूले वातावरण सन्तुलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले सर्पको संरक्षण गर्न आवश्यक रहेको सर्प उद्दारकर्ताहरुको भनाइ छ ।

## यिनै अनुहार...

कमजोर भइसकेको छ ।

सन् १९९० बाट आरम्भ भएको विश्वव्यापीकरणको चरणका लागि तय गरिएको नवउदारवादी कार्यसूचीमा अब कुनै पनि ठुला पूँजीवादी देशहरु र विश्व पूँजीवादको विकासका लागि, वित्तीय साम्राज्यवादको रक्षाका लागि बनाइएका संस्थाहरुसमेत अब यसका प्रति प्रतिबद्ध छैनन् । संरक्षणवाद प्रभावशाली बन्दै गएको छ । विश्व व्यापार र लगानी प्रवाहको वासिङ्टन कन्ससेन्सस मोडलले अर्थ गुमाएको छ । यस्तो बेला नेपालले थप उदारवादी नीति लिँदैमा यो सफल हुने सम्भावना कम छन् ।

त्यसमाथि विश्वको शक्ति सम्बन्धमा आइरहेको तनावले 'ठूला मामाको त त्यो गति कान्छा मामाको भाङ्गाको धोती' उखान हाम्रो जस्तो रेमिट्यान्स र आयातमा आधारित निम्छरो अर्थतन्त्रका लागि गलपासो बन्ने निश्चित छ ।

यसैले नेपाली जनताले निकट भविष्यमा रास्वपा, बालेन र पुराना सबै दलको विकल्प खोज्न प्रयास थाल्नेछन् । त्यतिबेला फासीवादी शक्ति उदाउने जोखिम छ । यसबाट बच्न पनि वामपन्थी र उदारवादी विकल्पहरु तयार हुनु आवश्यक छ । यसरी भविष्यमा हातमा आउने कार्यसूची बोक्न तयार हुने गरी वामपन्थी विकल्प (लेफ्ट अल्टरनेटिभ) निर्माण गर्न अल्टरनेटिभ लेफ्ट (वैकल्पिक वामपन्थी) शक्ति एकजुट हुनु जरुरी छ ।

अहिले भइरहेको प्रयास त्यता लक्षित भयो भने मात्रै त्यसको ऐतिहासिक अर्थ रहनेछ । आउँदै गरेको स्थानीय चुनाव र प्रदेश चुनाव त रास्वपाको हातमा जाने नै छ, त्यसैका लागि लक्षित गरेर कम्युनिस्टहरु एक ठाउँमा आउनुको कुनै तुक छैन ।

### ग्लोबल गभर्निङ आइडियोलोजीमा सिफ्ट

यो समय केवल नेपालका लेफ्ट डेमोक्र्याटिक भनेर परिचित विचारधारा आधारित पुराना दलहरू मात्र पराजित भएका होइनन् । (उनीहरूका आसन्न सङ्कट धेरै पहिले देखिएको थियो । उनीहरु वैचारिक सङ्कट र अवसानको डिलमा छन् भनेर मैले ५ जेठ २०८० को कान्तिपुर दैनिकमा एउटा लामो लेख लेखेको थिएँ) । बरु १९९० मा सोभियत समाजवादी खेमाको पतनपछि अति उत्तेजित भएका उदारवादी चिन्तक फ्रान्सिस फुकुयामाले आर्थिक तथा राजनीतिक उदारवादको गर्विलो जित भनेर दाबी गरेको उदारवाद स्वयं सङ्कटमा परेको बेला हो ।

कम्तीमा दोस्रो विश्वयुद्धयता अमेरिकाको नेतृत्वमा चलिरहेको विश्व व्यवस्थाको आधार मानिने उदारवादी चिन्तनधारा आर्थिक तथा राजनीतिक रूपमा स्वयं अमेरिकामै सङ्कटमा फसेको छ । उदारवादी खेमाभित्रैबाट उदारवादविरोधी विध्वंशक शक्ति उदाइरहेका छन् ।

यो संरचनागत सङ्कट त्यहाँ वर्तमान राष्ट्रपति ट्रम्प र रिपब्लिकनका ठाउँमा डेमोर्क्याटहरु र ओबामा आउँदा पनि उस्तै हुनेथियो । अमेरिकी अर्थतन्त्रको शक्ति डलर र हतियार या वर्चस्व विस्तारका लागि स्थापित संस्थाहरुमा मात्र होइन अरु देशहरुको स्रोत, साधन र बजार नियन्त्रणमा टिकेको छ । यस्तो नियन्त्रण र पुस्तौँको वर्चस्वमाथि चुनौती थपिँदा उनीहरू उदारवाद, मानवअधिकार, शान्ति र अन्तर्राष्ट्रिय कानुनको बर्को फालेर नाङ्गै निस्कन्छन् । डोनाल्ड ट्रम्पले अहिले गरिरहेको त्यही हो । र यसलाई कुनै आइसोलेटेड घटनाका रुपमा लिनु मूर्खतापूर्ण कुरा हो । यो उदारवादी विश्वव्यवस्थाको सङ्कट हो ।

यो सङ्कट र घर्षणसँगै आगामी दशकसम्ममा विश्वमा उदारवादी विश्वदृष्टिकोणमा आधारित शक्ति अभ्यासको ठाउँ बहुपक्षीय शक्तिहरुका बीचको सन्तुलनले लिनेछ । हाम्रो जस्तो सानो देशको राजनीतिमा वैचारिक सांस्कृतिक वर्चस्वमार्फत शक्तिमा नियन्त्रण गरिरहेका, भूराजनीतिका नाममा हाम्रो सार्वभौमसत्तामा हस्तक्षेप गरिरहेका शक्ति र संस्थाहरू कमजोर हुनेछन् । त्यस्तो बेला हाम्रो निर्णयको अधिकार र विचार छनोटको स्वतन्त्रता बलियो हुने निश्चित छ ।

त्यसबेला समाजवादी विकल्प अर्थात् राजनीतिको लेफ्ट अल्टरनेटिभ पोजिसन थप शक्तिशाली बन्नेछ । अहिले जुन एकताको चर्चा चलेको छ त्यसले आउने उक्त समयका लागि नेतृत्व गर्न सक्ने शक्ति तयार गर्ने लक्ष्य राख्नुपर्छ । आफूलाई कम्युनिस्ट भन्ने पार्टीका नेता-कार्यकर्ता र वामपन्थी शुभेच्छुकहरू यस विषयको बहसमा सामेल होऊन् भन्ने मेरो आग्रह पनि छ ।

(स्रोतः अनलाईनखबर)

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## महाकवि देवकोटाका शब्दहरु केलाउँदा



एमी श्रेष्ठ

*कुन मन्दिरमा....... जान्छौ यात्री*
*कुन मन्दिरमा........ जाने हो*
*कुन सामग्री ..........पूजा गर्ने*
*साथ कसरी........ लाने हो ?*

यो कविता महाकवि लक्ष्मीप्रसाद देवकोटाले चित्लाङको गुर्जुधारामा बस्दा लेखेका हुन् । जब उनी गुर्जुधारातिर बसिरहेका थिए तब केही भारतीय यात्रीहरू शिवरात्रीलाई पशुपतिनाथ पैदलयात्रामा गइरहेका थिए । यो देखेर नै महाकविले 'कुन मन्दिरमा जान्छौ यात्री' कविता लेखेका हुन् । कवितालाई संगीतकार रन्जीत गजमेरले र रविन शर्माले गीतका रूपमा प्रस्तुत गरेका हुन् ।

*हाडहरूको.........सुन्दर खम्बा*
*मांश पिण्डको..... दिवार*

यस पंक्तिमा महाकविले हाम्रो शरीरलाई मन्दिर स्वरूप मानेका छन् । जसमा हाम्रा हड्डी मन्दिरका सुन्दर खम्बा प्रतिनिधित्व गर्छ र मांश पिण्ड वा मासु त्यो मन्दिरको दिवार प्रस्तुत गर्छ ।

*मस्तिष्कको..........सुनको छाना*
*इन्द्रियहरूको.........द्वार*

यो पङ्क्तिमा चाहिँ कविले हाम्रो मस्तिष्कलाई अमूल्य सुनसँग तुलना गरेका छन् । अनि हाम्रो



मस्तिष्क भित्र ज्ञान अनुभूति गराउन दुवार रुपी इन्द्रियको व्याख्या गरेका छन् ।

*नशा नदीका ...... तरल तरंग*
*मन्दिर आफू ...... अपार*

हाम्रो गंगा स्वरूपको रगत समावेश गर्ने नशालाई तरङ्गसँग तुलना गरेका छन् । यी सबै कुरालाई समावेश गरी कविले हाम्रो मानव रूपी शरीरलाई मन्दिरको दर्जा दिएका छन् ।

*कुन मन्दिरमा जान्छौ यात्री*

*साथी यात्री...... बीच सडकमा*
*ईश्वर हेर्दछ ....... साथ*

महाकवि यात्रीहरूलाई साथी सम्बोधन गरी ईश्वरको असली स्वरूप व्याख्या गर्न थाल्छन् ।

*चुम्दछ ईश्वर... काम सुनौला*
*गरिरहेका... हात*

ईश्वर असलमा कर्मशील हातलाई चुम्दछन् । सुनौला काम गरेमा ईश्वरको साथ अवश्य पाउँदछन् ।

*छुन्छ तीलष्मी ....... करले उसले*
*सेवकहरूको....... माथ*

काम गर्ने मानिसहरूको सेवारुपी कर्मले गर्दा ईश्वर करले पनि उनको माथमा हात राख्न बाध्य हुन्छन् ।

*कुन मन्दिरमा जान्छौ यात्री*
*फर्क फर्क हे....... जाउ समाऊ*
*मानिसहरूको....... पाऊ*

कविले ती यात्रीहरूलाई फर्कन अनुरोध गर्दै मानिसको सेवामा लाग्न भनेका छन् ।

*मलम लगाउ ...... अर्थहरूको*
*चहर्याई रहेका..... घाउ*

उनले उत्पीडित वर्गहरूका दुखिरहेका घाउमा मलम लगाएर सेवा गर्न प्रेरित गरेका छन् ।

*मानिसहरूमै ईश्वरको... त्यो*
*दिव्य मुहार... हँसाउ*

यो पङ्क्तिमा महाकवि लेख्छन् कि मानवता देखाउँदा नै ईश्वरको दिव्य मुहारमा प्रसन्नता आउँछ ।

*कुन मन्दिरमा जान्छौ यात्री*
*सडक किनारा ........ गाउँछ ईश्वर*
*चराहरूको......... तानामा*

ईश्वर प्रकृतिको हरेक कणमा सर्वव्यापी हुनुहुन्छ ईश्वर चराहरूको तानामा पनि व्याप्त हुनुहुन्छ ।

*बोल्दछ ईश्वर.........मानिसहरूको*
*पीडा दुःखको......... गानामा*

दुःखी मानिसहरूको गर्जनाहटमा नै
ईश्वर हामीसँग बोलिरहेका हुन्छन्

*दर्शन किन्नु ..... कहीँ टिक्दैन*
*चर्मचक्षुले.......कामना*

यस पंक्तिमा व्याख्या गरेको छ कि ईश्वर सम्पूर्ण दृष्टिले अदृश्य हुन्छन् र उहाँलाई भावनात्मक रूपमा मात्र ग्रहण गर्न सकिन्छ ।

*कुन मन्दिरमा ....... जान्छौ यात्री*
*कुन मन्दिरमा........ जाने हो*
*कुन सामग्री........ पूजा गर्ने*
*साथ कसरी.......लाने हो*

कुन मन्दिरमा जान्छौ यात्री ॥
अन्तिममा यी चार पंक्तिले नै सम्पूर्ण कविता र गीतको भाव प्रस्तुत गर्छ जहाँ महाकवि देवकोटाले यात्रीलाई प्रश्न गर्दै ढुङ्गा माटोभित्र ठडिएको शिलारूपी भगवानको बुझ्नमा भन्दा मानवलाई मानवताको संरक्षण सर्वधनमा ईश्वरको आवश्यकता निहित छ । त्यसैले कुनै पनि मन्दिर मस्जिद चर्च जानुभन्दा र जुनसुकै पूजा सामग्रीले पूजा गर्नुभन्दा मानव सेवारुपी कर्म नै संसारको सबैभन्दा ठूलो धर्म हो ।

कक्षा-९

## The voice inside me



Smira Paudel

There is a voice inside my heart,
It whispers softly from the start.
It doesn't shout,it gently speaks,
In silent nights and busy weeks.

Sometimes it speaks when I am wrong,
It calms my doubts and makes me strong.
It says, "Stand, don't be afraid,"
"Be brave, don't let your dreams just fade."

When I fell lost and all alone,
That quiet voice becomes my own.
In times of doubt, it times of pain,
It helps me rise again and again.

When darkness comes and hopes feel far,
It shines in me just like a star.
It's a quiet strength, a hidden key,
Unlocking who I'm meant to be.

No matter where my path may go,
That voice within will always grow.
Theough every fall, through every climb,
It stays with me in every time.

So, I will listen, I will trust,
In that soft voice, I surely most.
For all along, the truth I see,
The voice inside, is the best of me.

## Father Dear father,



Aayushi Keshari

You have always loved me without any worth.
From the day when I was born,
You always know what is in my mind,
You are very loving and kind.

You are my superhero, you are so strong,
You always help me when things go wrong.
You are my guiding light,
You make my world so bright.

You always guide me all the way,
And teach me what is right each day.
I feel so safe when you are near,
Dear father, you are very dear.

I want to fulfill all your dreams,
As you fulfill all my needs.
You are the best person in this world,
I have never seen a person like you.

- Aayushi Keshari

# पुनर्निर्माण सकेर भवन हस्तान्तरणको तयारी छौं : मन्त्री देवकोटा



*प्रदेश सभा बैठकलाई सम्बोधन गर्नुहुँदै मन्त्री देवकोटा ।*

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशमा जेन जी आन्दोलनका क्रममा प्रदर्शनकारीहरुबाट क्षतिग्रस्त भएका सरकारी कार्यालयहरुको पुनर्निर्माण कार्य सकेर हस्तान्तरणको तयारीमा रहेको भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले बताएका छन् । आइतबार प्रदेश सभाको बैठकमा सम्बोधन गर्दै मन्त्री डा. देवकोटाले क्षतिग्रस्त अधिकांश मन्त्रालय र सरकारी आवासहरु पुरानै अवस्थामा फर्किएको र हस्तान्तरणको अन्तिम चरणमा रहेको बताए ।

मन्त्री देवकोटाका अनुसार आन्दोलनका क्रममा हेटौंडामा रहेका भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सिँचाई मन्त्रालय, कृषि तथा पशु विकास मन्त्रालय र श्रम रोजगार तथा यातायात मन्त्रालयका भवनमा ठुलो क्षति पुगेको थियो । उक्त भवन मर्मतपछि पुरानै अवस्थामा फर्काउन सफल भएको उनले बताए ।

'जेन जी आन्दोलनले क्षति पुगेको ५ मन्त्रालय रहेको भवनको पुनर्निर्माण कार्य सम्पन्न गरिसकेको छ । केही दिनमा नै हामी सो भवन हस्तान्तरण गर्नेछौं । कर्मचारीहरु पुरानै बिल्डिङमा सरेर कार्यसम्पादन गर्नेछन् ।' उनले भने, 'कम अवधिमा पनि हामीले विज्ञहरुको सल्लाह र इन्जिनियरिङका आधारमा पुनर्निर्माण गरिएको छ । मन्त्रालयले इन्जिनियरिङका विज्ञहरु परिचालन गरी भवनका डन्डीहरु कति तापक्रममा पग्लिएका छन् र संरचना कति सुरक्षित छ भन्ने प्राविधिक अध्ययन समेत गरेको उनले बताए ।

प्रदेशका प्रमुख सचिवको निवास, बागमती प्रदेश सभा सचिवालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयका भवनहरुको मर्मत कार्य पनि निर्माण व्यवसायीले अन्तिम चरणमा पुऱ्याएका उनले बताए । अर्थ मन्त्रालयबाट प्राप्त ६ करोड ४३ लाख रुपैयाँको विशेष बजेटमार्फत टेन्डर आव्हान गरी सो संरचनाहरुको मर्मत गरिएको मन्त्री डा. देवकोटाले बताए । विज्ञहरुको प्रतिवेदनका आधारमा आगामी दिनमा बाँकी संरचनाहरुको पुनर्निर्माणका लागि ८३ करोड २० लाख रुपैयाँको बजेट अनुमान गरिएको उनको भनाई छ ।

मन्त्री डा. देवकोटाका अनुसार आन्दोलनका क्रममा १ अर्ब ३५ करोड ३४ लाख ९२ हजार रुपैयाँ बराबरको क्षति भएको थियो । जसमा भवनतर्फ ५८ करोड १५ लाख रुपैयाँ र सवारी साधनतर्फ २४ करोड ७८ लाख रुपैयाँ (१४३ वटा मोटरसाइकल र ५६ वटा चार पांग्रे गाडीमा क्षति) र जिन्सी सामानहरुमा २७ करोड ३५ लाख रुपैयाँ क्षति भएको उनले बताए ।

मन्त्री डा. देवकोटाले प्रदेशका कुनै पनि योजनामा बजेट नकाटिएको बताए । मन्त्रालयले विनियोजित बजेट कार्यक्रममा देखिएको फेरबदल प्राविधिक संशोधन मात्र भएको उनले बताए । मन्त्री डा. देवकोटाका अनुसार मन्त्रालयका लागि सुरुमा २४ अर्ब ८० करोड १९ लाख रुपैयाँ विनियोजन गरिएको थियो । तर, एउटै योजना पटक-पटक प्रविष्ट भएको (डुप्लिकेसन) र अन्य मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरु परेकाले सच्याउँदा हाल २२ अर्ब ३७ करोड रुपैयाँ कायम भएको उनले बताए ।

निर्माण व्यवसायीको दायित्व भुक्तानीका लागि आवश्यक ४ अर्ब बजेट मध्ये अर्थ मन्त्रालयबाट १ अर्ब रुपैयाँ प्राप्त भएको उनले बताए । उनले प्रदेशका ४३ वटा रुग्ण (अलपत्र) ठेक्कामध्ये ३४ वटामा काम सुचारु भइसकेको र बाँकी ९ वटाका लागि कार्यदल बनाएर समाधान खोज्ने काम भइरहेको बताए । वर्षायाममा हुने सडक अवरोध हटाउन १३ वटै जिल्लामा 'डिजास्टर क्विक रेस्पोन्स टिम' गठन गरिएको काम भइरहेको उनको भनाई छ । सडक खुलाउन भाडामा मेसिन लिनुपर्ने अवस्थाको अन्त्य गर्दै मन्त्रालयले आफ्नै डोजर र स्काभेटर खरिद गर्न टेन्डर गरिसकेको उनले बताए ।

सडकहरु निर्माणमा जलवायु अनुकूलित हुने र सडकलाई ग्रीन इकोनोमीसँग जोडिने गरी योजना अघि बढाएको उनले बताए । सडकले चाउचाउ र मदिरा मात्र बोक्ने नभई स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने माध्यम बन्नुपर्ने उनले बताए । मानव सूचकांकमा पछि परेका रुबी भ्याली, पाँचपोखरी र घ्याङलेख जस्ता क्षेत्रलाई लक्षित गरी विशेष कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको उनको भनाई छ ।

# रास्वपाको जिल्ला अधिवेशन बैशाख १५ बाट

काठमाडौं : राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वैशाख १५ गतेदेखि जिल्ला अधिवेशन सुरु गर्ने भएको छ । आइतबार बसेको पार्टीको सचिवालय बैठकले वैशाख १५ बाट जिल्ला अधिवेशन सुरु गर्ने निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिए । पार्टी केन्द्रीय कार्यालयमा सचिवालय बैठक बसेको थियो । रास्वपाको सोमबार केन्द्रीय समिति बैठक बस्दैछ । केन्द्रीय समितिमा सचिवालय बैठकका एजेन्डा अनुमोदन गर्ने कार्यसूची तय भएको छ ।

*स्रोत : अनलाइनखबर ।*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community

# भिटामिन 'ए' र जुकाको औषधि खुवाइयो



*एक बालकलाई भिटामिन 'ए' खुवाउनु हुँदै मन्त्री किरण थापा ।*

समाज संवाददाता

हेटौंडा: राष्ट्रिय भिटामिन 'ए' वितरण कार्यक्रम अन्तर्गत हेटौंडामा करिब १४ हजार बालबालिकालाई भिटामिन 'ए' तथा जुकाको औषधि खुवाइएको छ । नेपाल सरकारले आज आइतबार र सोमबार भिटामिन 'ए' र जुकाको औषधि खुवाइने कार्यक्रम अन्तर्गत हेटौंडाका १९ वटा वडाका ९२ खोप केन्द्रहरुमा भिटामिन 'ए' तथा जुकाको औषधि खुवाइएको हो ।

जन्मेको ६ महिनादेखि ५ वर्षसम्मका १४ हजार बढी बालबालिकाहरुलाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन नगर क्षेत्रभित्रका सबै वडाका ९२ वटा खोप केन्द्रमा ९२ जना स्वास्थ्य स्वयम्सेविकाहरु सहभागी भएको हेटौंडा उपमहानगरपालिका स्वास्थ्य शाखाका प्रमुख सूर्यप्रसाद तिवारीले जानकारी दिनुभयो । आइतबार बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म भिटामिन 'ए' र जुकाको औषधि खुवाइएको र सोमबार पनि सोही अवधिभर कार्यक्रम सञ्चालन हुनेछ ।

भिटामिन 'ए' र जुकाको औषधि वितरणसँगै खुवाइएको बालबालिकाको पाखुराको नाप लिने, पूर्ण स्तनपानलगायत २ वर्षसम्मका बालबालिकाका आमालाई स्तनपान परामर्श दिने, बालबालिकाको पोषण अवस्था थाहा पाउने एवम् मासिक वृद्धि अनुगमनसम्बन्धी परामर्श सेवा पनि उपलब्ध हुने शाखा प्रमुख तिवारीले जानकारी दिनुभयो । बालबालिकाको दृष्टि क्षमता वृद्धि तथा रोग प्रतिरोध क्षमता विकासका लागि भिटामिन ए अत्यावश्यक भएको निश्कर्षसहित २०५३ सालदेखि प्रत्येक वर्ष बैशाख र कात्तिकमा गरी दुईपटक भिटामिन 'ए' र जुकाको औषधि खुवाउने गरिएको छ ।

# टिपर र मोटरसाइकल ठोक्किँदा दम्पति घाइते

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१५, रातोमाटे नजिक टिपर र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकलमा सवार दम्पति घाइते भएका छन् । शनिबार पूर्वपश्चिम राजमार्गको रातोमाटेबाट रिद्धिसिद्धि सिमेन्ट उद्योगतर्फ जाँदै गरेको बा ४ ख ९८३७ नम्बरको सिमेन्ट लोड टिपर मोडिने क्रममा सोही दिशामा जाँदै गरेको बा प्र ०३-००६ प ०५१४ नम्बरको मोटरसाइकल ठक्कर खाई दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक बकैया-११, कालिदमार बस्ने ३२ वर्षीय कुमार भुलुन र पछाडि सवार निजको श्रीमती ३४ वर्षीय सुजाता राई घाइते भएका हुन् । घाइते दुबै जनाको सिएमसी चुरेहिल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । टिपर चालक सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-१ बस्ने २४ वर्षीय अनिल ढकाल जिल्ला प्रहरी कार्यालय मकवानपुरको नियन्त्रणमा रहेका छन् ।

## चितवनमा २ जना मृत भेटिए

# नुवाकोटमा डुबेर एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको चितवन जिल्लामा २ जना मृत भेटिएका छन् भने नुवाकोट जिल्लामा एक जनाको डुबेर मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारी अनुसार चितवनको भरतपुर महानगरपालिका-१ स्थित नारायणी नदी किनारमा एक जना वृद्धको शव फेला परेको छ । शनिबार साँझ नदी किनारमा तनहुँको देवघाट गाउँपालिका-५ का ७० वर्षीय मनिलाल गुरुङको शव फेला परेको प्रहरीले जनाएको छ । गुरुङ बुधबार देखि घरबाट हराएका थिए ।

शनिबार दिउँसो माडी नगरपालिका-१ द्रोपतिनगरस्थित बाँसघारीको छेउमा नाम थर नखुलेको अन्दाजी ३४ वर्षीय एक जना पुरुषको शव बेवारिसे अवस्थामा फेला परेको छ । प्रारम्भिक अनुसन्धानबाट मृत्तकको शरीर घाउ चोटपटक नभएको र शव पोस्मार्टमका लागि भरतपुर अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

यस्तै, नुवाकोटको बेलकोटगढी नगरपालिका-१ स्थित तादी खोलामा पौडी खेल्ने क्रममा डुबेर एक जनाको मृत्यु भएको छ । स्थानीय पासाङ ल्हामु सडकखण्डमा सडक निर्माणको काम गर्ने दुप्चेश्वर गाउँपालिका-६ करेजुङका १८ वर्षीय सुन बहादुर तामाङलाई शनिबार पौडी खेल्ने क्रममा खोलाले बगाई बेपत्ता बनाएको थियो । प्रहरी र स्थानीयले खोजी गर्दा दिउँसो १ बजेर २० मिनेटमा तामाङ मृत्त अवस्थामा फेला परेका थिए ।

# टुक्रे बजेटले विकास होइन, दायित्व मात्र थप्छ : मन्त्री तामाङ



*प्रदेश सभालाई सम्बोधन गर्नुहुँदै मन्त्री प्रभात तामाङ ।*

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले १० लाख रुपैयाँका टुक्रे योजनाहरुले प्रदेशलाई आर्थिक बोझ मात्र थपेको बताएका छन् । उनले साना र टुक्रे योजनाको कार्यान्वयनको विगतको अवस्थाले प्रतिफल शून्य देखाएको बताए ।

आइतबार बसेको प्रदेश सभाको बैठकमा बोल्दै मन्त्री तामाङले प्रदेशको विकासका लागि वितरणमुखी नभई प्रतिफलमुखी बजेट आवश्यक रहेकोमा जोड दिए । मन्त्री तामाङले आर्थिक कार्यविधि ऐन २०७४ को अधिकार प्रयोग गरी बजेट परिमार्जन गरिएको उनको भनाई छ । उनका अनुसार २०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट भएको भौतिक क्षतिको पुनर्निर्माण र सिर्जना भएका पूँजीगत दायित्वहरु भुक्तानीका लागि स्रोत व्यवस्थापन गर्न १० देखि ५० प्रतिशतसम्म बजेट कटौति गर्नुपरेको उनले बताए ।

मन्त्री तामाङले ३७ वटा बजेट शीर्षक मध्ये २० वटामा प्राविधिक एवम् इन्ट्री त्रुटि भएको उनले स्वीकार गरे । मन्त्री तामाङले प्रदेशमा १० लाख मुनिका योजनाहरुको संख्या १ हजार ४ सय भन्दा बढी रहेको र तिनले ५४ अर्बको दायित्व सिर्जना गरेको बताए । टुक्रे बजेटले प्रतिफल नदिने भएकाले १० लाख मुनिका १० अर्ब बराबरका योजनाहरु खारेज गरेर प्रत्येक जिल्लामा १-१ अर्बका ठुला आयोजना चलाउनुपर्ने उनको भनाई छ ।

'१ लाख रुपैयाँ काट्नुपर्ने ठाउँमा कर्मचारीबाट १०० लाई १००० इन्ट्री हुँदा १० लाख नै काटिन पुगेको देखियो । मन्त्रीको हैसियतले यसको जिम्मा म लिन्छु र यस्ता त्रुटिहरु सच्याइनेछ ।' उनले भने, 'एउटा खानेपानी योजना सक्न ६ करोड लाग्छ तर हामी वर्षको १० लाख मात्र हाल्छौं । यसरी त योजना सक्न १०० वर्ष लाग्छ ।' मन्त्री तामाङले प्रदेश सरकारको खर्च न्यूनीकरण गर्न प्रशासनिक पुनर्संरचनाको प्रतिवेदन तयार भइसकेको बताए । मन्त्रालयको संख्या घटाउने, सेवा केन्द्रहरु परिमार्जन गर्ने र कर्मचारी कटौती गरी प्रशासनिक बोझ कम गर्ने योजना यसै हप्ता सार्वजनिक गरिने उनले बताए ।

# तुलसीमेहरको प्रिन्सिपलमा सापकोटा



*नवनियुक्त प्रिन्सिपल टीका सापकोटा ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल सेकेण्डरी स्कूलको प्रिन्सिपलमा टीका सापकोटा नियुक्त हुनुभएको छ । विद्यालय व्यवस्थापन समितिले सापकोटालाई प्रिन्सिपलको जिम्मेवारी दिने निर्णय गरेको हो । नयाँ शैक्षिक सत्र २०८३ सँगै सापकोटालाई जिम्मेवारी दिइएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आशिष श्रेष्ठले जानकारी दिनुभयो ।

विद्यालयको समग्र जिम्मेवारी र अधिकारसहित नयाँ प्रिन्सिपल नियुक्त गरिएको अध्यक्ष श्रेष्ठको भनाइ छ । यसअघिका प्रिन्सिपल रघुनाथ खरालले जिम्मेवारी छाड्नु भएपछि केही समय कार्यवाहक प्रिन्सिपलको रुपमा कमल नेपालले काम गर्नुभएको थियो । नवनियुक्त प्रिन्सिपल सापकोटाले प्राप्त जिम्मेवारी इमानदार भएर राम्रो नतिजा हासिल हुने गरी काम गर्ने बताउनुभएको छ । १२ कक्षासम्म पठनपाठन हुने विद्यालय एक हजार दुइ सय विद्यार्थी अध्ययनरत छन् । २०८२ सालको एसईईमा तुलसीमेहरबाट ६१ जना सहभागी छन् ।

## सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सत्यम जेभियर्स इङ्लिस बोर्डिङ स्कुल**
हेटौंडा-४, चिसापानी
०५७-५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

## खोप लगाऔं, रोगबाट बचौं र बचाऔं ।

- सबै बालबालिकालाई तोकिएको समयतालिका अनुसार खोप लगाऔं ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं ।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं ।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं ।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




Contact : 9807171993/9741681458
TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

## वन डढेँलो नियन्त्रण सम्बन्धी सूचना

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

**वन तथा वातावरण मन्त्रालय**
बागमती प्रदेश, नेपाल
हेटौंडा, मकवानपुर

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ